दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक ३१७ | बुटवल | २०८२ मंसिर ११ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday November 27, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# एमसीसीको सबस्टेसन र प्रसारण लाइन निर्माण सुरु



**लुम्बिनी संवाददाता**

*परासी*

एमसीए नेपालले न्यू बुटवल सबस्टेसन र १८ किलोमिटर प्रसारण लाइन निर्माण कार्य सुरु गरेको छ। बुधबार नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को सुनवलमा आयोजित एक समारोहबिच निर्माण कार्यको शुभारम्भ गरिएको हो।

एमसीसी नेपाल कम्प्याक्ट कार्यक्रमअन्तर्गत निर्माण गर्न लागिएका यी पूर्वाधारले नेपालको विद्युतीय सञ्जाललाई सशक्तीकरण गर्नुका साथै नेपाल र भारतबिच महत्त्वपूर्ण ऊर्जा व्यापार अन्तरसम्बन्ध स्थापना गर्नेछ।

कार्यक्रममा अर्थमन्त्री रामेश्वरप्रसाद खनाल, नेपालका लागि संयुक्त राज्य अमेरिकाका राजदूत डिन आर थम्प्सन, एमसीसीका आवासीय राष्ट्र निर्देशक डायन फ्रान्सिस्को, एमसीए नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्ट तथा स्थानीय जनप्रतिनिधि उपस्थित भए।

कार्यक्रममा अर्थमन्त्री खनालले स्वच्छ ऊर्जामा पहुँचको विस्तार, क्षेत्रीय ऊर्जा व्यापारमा अभिवृद्धि तथा दीर्घकालीन आर्थिक वृद्धि हासिल गर्ने राष्ट्रिय लक्ष्यमा सहयोग दिने सरकारको प्रतिबद्धता यस आयोजनामा प्रतिविम्बित भएको बताए।

'थप भरपर्दो ऊर्जा प्रणाली निर्माण गर्ने कार्यमा एक प्रतिबद्ध साझेदारका रूपमा नेपालसँग उभिन पाउँदा संयुक्त राज्य अमेरिकालाई गर्व लागेको छ,' नेपालका लागि अमेरिकाका राजदूत थम्प्सनले भने-'प्रसारण लाइन तथा सबस्टेसन जस्ता आयोजनाले घरपरिवार तथा व्यवसायमा बत्ती बाल्न मात्र सघाउने नभई यस क्षेत्रभरि नै व्यापार, वृद्धि तथा प्रगतिका लागि अवसरहरू पनि सिर्जना गर्छ।'

नेपालको ऊर्जा सुरक्षा सशक्त बनाउने सन्दर्भमा एउटा नयाँ अध्याय थपिएको एमसीए-नेपालका कार्यकारी निर्देशक विष्टले बताए। 'प्रसारण लाइन तथा सबस्टेसनले ऊर्जा व्यापार विस्तार गर्न तथा नेपालीका लागि दीर्घकालीन लाभ दिलाउन नयाँ अवसरहरू सिर्जना गर्नेछन्' उनले भने-'नेपाल र अमेरिकी सरकारको एमसीसीसँगको निकटतम साझेदारीमा यस आयोजनाको कार्यान्वयन गर्न पाएकोमा एमसीए नेपाल गौरवान्वित छ र यसलाई सफल बनाउनमा प्रतिबद्ध छ।'

८ किलोमिटर प्रसारण लाइनले ४०० केभी न्यू बुटवल सबस्टेशनलाई नेपाल-भारत सीमासँग जोड्नेछ। करिब पाँच करोड अमेरिकी डलरको लगानीमा निर्माण गरिने यी ऊर्जा पूर्वाधारले आगामी दशक भित्रमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने लक्ष्य लिएको छ। ऊर्जा व्यापार सम्झौताअन्तर्गत स्वच्छ जलविद्युत् भारत निर्यात गर्नमा यसले सघाउनेछ।

प्रसारण लाइन र न्यू बुटवल सबस्टेसनले नेपालमा बढ्दो रूपमा उत्पादन हुन थालेको जलविद्युत्लाई क्षेत्रीय बजारसँग जोड्ने हुँदा नेपालको आर्थिक भविष्यका लागि महत्त्वपूर्ण रहेको एमसीए नेपालले उल्लेख गरेको छ।

नेपालको उच्च भोल्टेजयुक्त विद्युतीय सञ्जाललाई सशक्त बनाउँदै यस आयोजनाले घरपरिवार एवम् व्यवसायका लागि विद्युत् आपूर्ति थप भरपर्दो बनाउने छ। विद्युत् चुहावट घटाउनुका साथै नेपाललाई ऊर्जाको वैदेशिक व्यापार गर्न सक्षम बनाउने छ। यी सुधारबाट व्यवसाय सञ्चालनको खर्च घट्ने अपेक्षा गरिएको छ। कार्यक्रममा नेपालका लागि संयुक्त राज्य अमेरिकाका राजदूत डिनआर थम्प्सनले नेपाल र अमेरिकाको यो सहकार्यले नेपालको आर्थिक तथा सामाजिक विकासमा टेपा पुऱ्याउने बताए।

एमसीसी आवासीय राष्ट्र निर्देशक डायान फ्रान्सिस्कोले सवस्टेसन निर्माणसंगै नेपालको आर्थिक समृद्धि र रोजगारीको सृजना हुने बताइन्। डायानले ३ वर्षमा नेपालको ३ स्थानमा स्टेसन निर्माण र ३ सय किमि डबल सर्किट प्रशारण लाइन विस्तारसंगै दाङ जिल्लाको ४० किमी सडक निर्माण हुने जानकारी दिइन्।

सवस्टेशनसंगै १८ किलोमिटर लामो प्रसारणले प्रसारण लाइनले ४०० केभी न्यू बुटवल सवस्टेसनलाई नेपालभारतसम्म सिमानासम्म जोड्ने छ। करिब पाँच करोड अमेरिकी डलरमा निर्माण गरिने उर्जा पूर्वाधारले एकदशकभित्र १० हजार मेगावाट निर्यातमा सहज हुने अपेक्षा गरिएको छ।

यो आयोजना आगामी तीन वर्ष भित्रमा यि दुबै सम्पन्न हुने लक्ष्य लिएको छ। परियोजनाको दुई वर्ष समय अवधि सकिएको र आगामी तीन वर्षभित्रमा एमसिएअन्तर्गतका सबै आयोजना सम्पन्न गर्नुपर्ने छ।

## एनपीएल:
## विराटनगरलाई चितवनले लगायो 'ब्रेक'



बुटवल। चितवन राइनोजका रञ्जित कुमारको घातक बलिङमा विराटनगर किंग्सको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) मा अपराजित यात्रामा पूर्णविराम लागेको छ। बुधबार भएको खेलमा विराटनगर चितवनसँग ४८ रनले पराजित भयो। विराटनगरले चारमध्ये तीन खेलमा जित र एक खेलमा हार भोगेको छ। तेस्रो खेलमा दोस्रो जित दर्ता गरेको चितवनले भने प्ले अफमा स्थान बनाउने सम्भावना जीवितै राखेको छ। चितवनले दुई खेलमा जित र एक खेलमा हार ब्यहोर्दै चार अंक जोडेर तेस्रो स्थानमा उक्लेको छ।

चितवनले दिएको एक सय ७५ रनको लक्ष्य पछ्याएको विरटनगर १६.५ ओभरमा एक सय २६ रनमा अलआउट भयो। चितवनका बलर घातक बन्दा विराटनगरको ब्याटिङ लाइन ध्वस्त बन्यो। विराटनगरका मार्चेनट डे लाङ्गेले बनाएको ३९ रन नै सर्वाधिक रह्यो। प्रतिश जिसीले ३० र साम हेजलेटले २२ रन थपे। अन्य ब्याटरले दोहोरो अंकको स्कोर छुन सकेनन्।

चितवनका लागि रञ्जित कुमारले पाँच विकेट लिए। किफायति बलिङ गरेका उनले आफ्नो स्पेलमा मात्र २१ रन खर्चिए। एनपीएलको जारी सिजनमा एकै खेलमा पाँच विकेट लिने रञ्जित पहिलो खेलाडी हुन्। रञ्जितले पाचौँ ओभरको तेस्रो बलमा साम हेजलेटलाई तथा पाँचौँ बलमा बसिर अह्मदलाई पेभेलियन फर्काएका थिए। सातौँ ओभरको अन्तिम बलमा नरेन भट्टलाई आउट गरेका उनले ११औँ ओभरमा पनि लगातार दुई विकेट लिए। ११औँ ओभरको दोस्रो बलमा नारायण जोशीलाई तथा तेस्रो बलमा सूर्य तामाङलाई पेभेलियनको बाटो देखाएका थिए।

» *बाँकी ३ पेजमा*

## एमालेको रिट दर्ता

बुटवल। प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै नेकपा एमालेले सर्वोच्च अदालतमा पेश गरेको रिट निवेदन दर्ता भएको छ। एमालेका नेताद्वय महेश बर्तौला र सुनिता बरालले मंगलबार सर्वोच्चमा रिट निवेदन पेश गरेका थिए। उक्त निवेदन दर्ता भएको सर्वोच्च प्रशासनले जनाएको छ। त्यस्तै, यही मंसिर १७ गतेका लागि पेशी तोकिएको पनि जानकारी गराइएको छ।

२३ र २४ भदौमा भएको जेनजी आन्दोलनपछि एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओली सरकार छाड्न बाध्य भएका थिए। उनको राजीनामापछि राष्ट्रपति रामचन्द्र पौडेलले आन्दोलनकारीको सिफारिसमा सुशीला कार्कीलाई २७ भदौमा अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त गरेका थिए। कार्कीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा भंग गरेका हुन्। त्यसयता एमालेले प्रतिनिधिसभा विघटनलाई असंवैधानिक बताउँदै आएको छ।

## कांग्रेसको विशेष महाधिवेशन पक्षधरको भेला

बुटवल। नेपाली कांग्रेसका नेता गुरुराज घिमिरेले पार्टी नेतृत्वले १५औँ महाधिवेशन समयमै नगर्ने देखेपछि बाध्य भएर विशेष महाधिवेशनको अभियान चलाएको बताएका छन्। कांग्रेसको विशेष महाधिवेशन पक्षधरको भेलालाई सम्बोधन गर्दै उनले जेनजी आन्दोलन देशको राजनीतिसँगै पार्टी नेतृत्व पनि परिवर्तन अपरिहार्य भएको बताए। उनले २४८८ जना महाधिवेशन प्रतिनिधिको हस्ताक्षर केन्द्रीय कार्यालयमा आफूहरूले बुझाएको बताए।

उनले भने-'हामीले झन्डै ५५ प्रतिशत प्रतिनिधिको हस्ताक्षरको दस्तावेज बुझाइसकेका छौँ। कार्यवाहक सभापतिलाई बझाउँदै भन्यौँ, यो विधान विपरीत कार्य होइन, यो बीपी कोइराला र सुवर्णसम्शेरले प्रयोग गरेको बाटो हो। विधानले देखाएको विकल्प हो।'

कांग्रेसले अब सत्ताको आहालमा बस्दा लागेको हिलो पखाल्नुको विकल्प नभएको उनले जनाए। उनले भने-'विगतमा गल्ती कमजोरी भयो, अब त्यही कुरालाई बोध गरेर बस्ने होइन। कमीकमजोरी सच्याएर अघि बढ्ने हो। तर केन्द्रीय कार्यसमितिको बैठक विश्वमा कीर्तिमान राख्ने गरी डेढ महिनादेखि बसिरहेको छ। सबैभन्दा लामो बैठक चिनियाँ कम्युनिस्ट पार्टीका २३ दिन बसेको रहेछ।

तर, संसारका कीर्तिमानहरूलाई भंग गरेर बैठक बसिसक्दा पनि निष्कर्षमा पुग्न सकेका छैनौँ।' उनले बिहीबारको बैठक पनि सर्ने हल्ला आफूले सुनेको बताए।

## दल दर्ताको समय थप

बुटवल। निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दलले निवेदन दिने समय चार दिन थप्ने निर्णय गरेको छ। यसअघिको स्वीकृत कार्यक्रमअनुसार यही मङ्सिर १ देखि १० गतेसम्मका लागि सो समय दिइएकामा विभिन्न पक्षको आग्रहमा आयोगको बुधबारको बैठकले चार समय थप्ने निर्णय गरेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए।

आयोगमा दर्ता कायम रहेका ठूलालगायत नयाँ-पुराना अधिकांश दलले प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रयोजनका लागि निवेदन दिइसकेका छन्। आयोगका हाल दर्ता कायम रहेका १३२ दलमध्ये ८० दलले निर्वाचनमा भाग लिन निवेदन दिइसकेका छन्। यो निर्वाचनको पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) तर्फमा उम्मेदवारको मनोनयन आगामी माघ ६ गते हुने कार्यक्रम रहेको छ। प्रतिनिधिसभा निर्वाचनको मिति आउन अब ९९ दिन बाँकी रहेको छ।

यसैगरी आयोगले आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनको तयारी पनि सँगसँगै गरेको छ।

## लुम्बिनी विकास कोषको सदस्य सचिव नियुक्त खारेज गर्न माग

बुटवल। लुम्बिनी विकास कोषको सदस्य सचिवमा विना प्रतिस्पर्धा मन्त्रीस्तरीय निर्णयबाट दीपक श्रेष्ठ नियुक्त गरिएको भन्दै स्थानीय समुदाय विरोधमा उत्रेका छन्।

लुम्बिनी बचाउ महाअभियानले श्रेष्ठको नियुक्ति खारेज गर्न माग गर्दै लुम्बिनी विकास कोषमा ज्ञापनपत्र बुझाएको छ। श्रेष्ठको नियुक्त खारेज नगरे उनलाई स्वीकार नगर्ने र आन्दोलनमा उत्रिने चेतावनी महाअभियानले दिएको छ।

श्रेष्ठको नियुक्ति अपारदर्शी, त्रुटिपूर्ण, अव्यावहारिक र स्थानीयको भावना विपरीत रहेको महाअभियानको ज्ञापनपत्रमा उल्लेख छ।

स्थानीय सरोकारवालाले खुल्ला प्रतिस्पर्धाबाट सदस्य सचिव नियुक्त गर्नुपर्ने माग गर्दै आएका थिए।

सरकारले हालै मात्र नेपाल वायु सेवा निगमको महाप्रबन्धकलगायत विभिन्न विकास समितिको कार्यकारी निर्देशक खुला प्रतिस्पर्धाको माध्यमबाट नियुक्ति प्रकृया अघि बढाए पनि लुम्बिनी विकास कोषमा विना प्रतिस्पर्धा नियुक्त गरिएकोमा सरोकारवालाले चर्को विरोध जनाएका हुन्।

कोषको कार्यकारी पद सदस्य सचिवमा लुम्बिनीबारे गहिरो ज्ञान र अनुभव भएको, अन्तर्राष्ट्रिय समुदायसँग काम गर्न सक्ने विज्ञ, सक्षम र स्थानीयको मर्म र भावना बुझेको व्यक्ति नियुक्त हुनुपर्ने महाअभियानका अगुवा रामविकास चौधरीले बताए।

'कोषको सदस्य सचिवमा डा. बाबुराम भट्टराईको पालामा मेडिकल रिप्रेजेन्टेटिभ राजेन्द्र थापा, प्रचण्डको पालामा विद्युतका सिनियर मिटर रिडर अजीतमान तामाङ, केपी ओलीका पालामा ओभरसियर सानुराजा शाक्य र सुशीला कार्की सरकारका पालामा खानेपानी संस्थानका ८औं तहका प्राविधिक दिपक श्रेष्ठलाई नियुक्ति गरेर कोषलाई राजनीतिक भर्तीकेन्द्रको अखडा बनाएको उनीहरूको आरोप छ।

'दलका कार्यकर्ता र मन्त्री निकटको मान्छे टपक्क टिपेर विना प्रतिस्पर्धा होइन खुल्ला प्रतिस्पर्धा गराई लुम्बिनीको विकास गर्ने र स्थानीय समुदायको विश्वास जित्न सक्ने सक्षम मान्छे नियुक्त गरिनुपर्छ।'- चौधरीले भने।

स्थानीय सहभागिता र अपनत्व विना लुम्बिनीको दिगो विकास सम्भव नहुने भन्दै यस्तो अपारदर्शी नियुक्तिले लुम्बिनी विकास कोष र स्थानीय समुदायबिचको दूरी बढाउने र विकास निर्माणमा अवरोध सिर्जना हुने ज्ञापनपत्रमा उल्लेख छ।

सदस्य सचिव पदको विवादास्पद र अवैधानिक नियुक्ति यथाशीघ्र बदर गरी खुला प्रतिस्पर्धाबाट नयाँ नियुक्तिको प्रक्रिया अगाडि बढाउन अभियानको माग छ।

ज्ञापनपत्रको बोधार्थ प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्रीलाई गराइएको छ।

लुम्बिनी विकास मञ्च रुपन्देहीले पनि खुलला प्रतिस्पर्धा विना सदस्य सचिव नियुक्ति गरेकोप्रति आपत्ति जनाएको छ। मञ्चका अध्यक्ष सन्दीप गुप्ताले अपारदर्शी नियुक्ति खारेज गरी खुल्ला प्रतिस्पर्धाबाट नियुक्त गर्न माग गरेका छन्।




## सम्पादकीय

# सूचनाको हक कार्यान्वयन गर्न पहलकदमी

लोकतान्त्रिक शासन प्रणाली पारदर्शी शासन प्रणाली हो । लोकतान्त्रिक प्रणालीमा खुला सरकारको अवधारणा हुन्छ। खुला सरकारले नै सुशासन कायम गर्न सक्छ, नागरिकको विश्वास जित्न सक्छ । खुला सरकारको मान्यतालाई व्यवहारमा स्थापित गर्न सूचनाको हकसम्बन्धी ऐन २०६४ ल्याइएको हो ।

सरकारका हरेक निकाय र कार्यालयका गोप्य राख्नुपर्ने बाहेक सबै सूचना नागरिकले माग्न पाउने र ती कार्यालयले माग गरे बमोजिम सूचना दिनुपर्ने व्यवस्था ऐनमा छ। सरकारी मात्रै नभएर सार्वजनिक सरोकारका सबै संघसंस्थाले आफ्ना गतिविधि सार्वजनिक गर्नुपर्ने र नागरिकले माग गरेअनुसार सूचना दिनुपर्ने ऐनमा तोकिएको छ । यद्यपी व्यवहारिकताको कसीमा सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन कमजोर छ। खुला सरकारको अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्दा लोकतान्त्रिक प्रणाली बलियो हुने हो । प्रणालीलाई बलियो बनाउने गरी अहिले भइरहेको पहलकदमी कमजोर छ । सूचना नागरिकलाई सहजै उपलब्ध गराउने होइन्, सकेसम्म सूचना लुकाउने प्रवृत्ति सरकारी निकायमा हावी छ। सूचना अधिकारी राख्ने, तर सहजै काम गर्ने वातावरण तयार गरिएको छैन। कार्यालयको अभिलेख अध्यावधिक गरी उपलब्ध गराउने, माग गरेअनुसार सूचना उपलब्ध गराएर सहयोग गर्नुको साटो कार्यालयका अरु कर्मचारीले असहयोग गर्ने गरेका सूचना अधिकारीहरुका गुनासा छन्। काविल कर्मचारी सूचना अधिकारी राख्नुपर्नेमा अरु काममा योग्य नभएका कर्मचारीलाई सूचना अधिकारी राख्ने प्रवृत्तिले सूचनाको हकसम्बन्धी ऐनलाई व्यवहारिक कार्यान्वयन गर्न बाधा पुगेको छ।

सूचना अधिकारलाई व्यवहारिक रुपमा स्थापित गर्न अनुगमन र मूल्याङ्कनको खाँचो छ। राष्ट्रिय सूचना आयोगले अहिलेसम्म भए गरेका कामको मूल्याङ्कन गरी आगामी दिनमा सूचना अधिकारलाई व्यवहारिक रुपमा स्थापित गर्न तहगत सरकारसँग समन्वय गरी कार्यक्रम अघि बढाउनुपर्छ। आयोगलाई पर्याप्त स्रोत उपलब्ध गराउन सके सरकारको कामलाई सकारात्मक प्रभाव पर्छ, किनकि हरेक विषय खुला गराउनका लागि लगानी भयो भने सुशासनको प्रत्याभूति हुने हो । नागरिकको तहमा पनि सूचना माग्ने बानी विकास भइसकेको छैन। सूचना माग्ने काम र अधिकार केवल पत्रकारको मात्रै हो भन्ने भ्रम समाजमा छ। सूचना माग्ने र पाउने अधिकार हरेक नागरिकलाई छ । सूचनाको हकसम्बन्धी ऐनले हरेक नागरिकले सूचना माग्न पाउने अधिकारको ग्यारेण्टी गरेको छ भन्ने सन्देश प्रवाह हुन सकिरहेको छैन । जसले बुझेका छन्, उनीहरुले पनि व्यवहारिक प्रयोग गर्न सकिरहेका छैनन। केही पत्रकार र सूचना अधिकार अभियन्ताहरुले सूचना माग्ने काम गरिरहेका छन्। उनीहरुको मात्रै नभई आम नागरिकले सूचना अधिकारका लागि अग्रसर हुँदा मात्रै ऐन कार्यान्वयन हुने हो । सूचना अधिकारमा नागरिक सक्रियता बढ्दा सरकारी निकायलाई जवाफदेही र जिम्मेवार बनाउन बल पुग्छ।

सूचनाको हकसम्बन्धी ऐनलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न सरकारी कार्यालयका सूचना अधिकारीलाई जिम्मेवार बनाउन आवश्यक छ । सूचना अधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन जिल्ला प्रशासन कार्यालय पाल्पाले सूचना अधिकारीका लागि अभिमुखीकरण आयोजना गरेर सकारात्मक पहलकदमी लिएको छ। पाल्पा जिल्ला प्रशासन कार्यालयको यो पहलकदमीबाट अरू जिल्ला प्रशासन कार्यालयले अनुकरण गरी अघि बढ्दा सूचनामा नागरिक पहुँच स्थापित हुन बल पुग्नेछ।

# के ठूला दलका नेताहरूको वफादारी नेपाल र नेपालीप्रति छ ?



युवराज घिमिरे

नेपाली जनताको सार्वभौम अधिकारभन्दा यहाँ उसको स्वार्थ निर्णायक हुन्छ र हुनुपर्छ भन्ने बुझेका छन्। हाम्रो त्यो निर्णयमा नेपालीको संलग्नता थिएन। हरेक दलका सुदन किराँतीहरूले यति मात्र बुझिदिए ढिलै भए पनि नेपालमा वास्तविक लोकतन्त्र र जनताले सामूहिक आत्मनिर्णय लिने वातावरण निर्माण हुन्छ। परिचालित नेतृत्व पंक्तिमा रहेकाहरूको पलायन त्यही विन्दुबाट सुरु हुन्छ। त्यो आजको आवश्यकता हो।

जेनजी आन्दोलन र प्रधानमन्त्रीका रूपमा केपी ओलीको राजीनामापछिका १० हप्तामा मुलुकको अवस्थाबारे कुनै गम्भीर समीक्षा भएको देखिँदैन। यद्यपि, केही राजनीतिक दलभित्रबाट नेतृत्वप्रति आक्रोश र आलोचना अभिव्यक्ति देखिन थालेका छन् । आलोचनाप्रति पूर्ण उदासीन रहने दल नेतृत्वको चरित्रमा केही परिवर्तन नदेखिए पनि खास गरी तीन मुख्य दलका शीर्ष नेतृत्व पूर्णरूपमा द्विविधायुक्त र बचाउको अन्तिम किल्लामा आश्रयरत छन्।

जेनजी आन्दोलन दबाउन सरकार नरसंहारमा उत्रिएपछि प्रायश्चितबिनै बाध्यात्मक परिस्थितिमा राजीनामा दिएका ओलीले अहिले सरकारविरुद्ध आगो उकेलिरहेका छन् र आफ्नो सुरक्षाको निजी व्यवस्था गरेका छन् उनले।

बुधबार बारा जिल्लामा आयोजित उनको दल एमालेको कार्यक्रम स्थानीय केही नेता र जेनजी भिडन्तको कारण रोकियो । जेनजी र एमाले खासगरी ओलीबीचको अविश्वास अनि एक तहको घृणा त्यति अस्वाभाविक होइन । आफ्नो सरकारद्वारा ७६ जना युवाको हत्याप्रति एकरत्ति दुःखी नदेखिनु ओलीको सवलता होइन, आपराधिक कायरता हो । त्यो नेतृत्वका लागि सर्वाधिक अयोग्य चरित्र हो।

ओलीको पार्टीले सुशीला कार्की सरकारलाई असंवैधानिक ठहर गर्दै संसद पुनःस्थापनाको माग सडक र न्यायालयमार्फत् उठाउने निधो गरेको छ । त्यो उसको आफ्नो अधिकार दलीय मान्यताबाट निर्देशित निर्णय हो।

तर, जुन दल र उसको नेतृत्वको सरकार नागरिकको जिउ, धन र सम्मानको अधिकारको उपहास गर्छ, त्यसलाई उपेक्षा गर्छ र नागरिक हत्याबाटै भए पनि सत्तामा निरन्तरता चाहन्छ, त्यसले न्यायालयलाई के वास्तवमा सम्मान गर्छ त ?

वास्तवमा, सिंगापुरबाट स्वास्थ्योपचारपछि स्वदेश फर्केका कांग्रेस सभापति शेरबहादुर देउवाले यता आएर जेनजी आन्दोलनपछिको ओली र एमालेसँग सहकार्य गर्न नसक्ने संकेत दिनुको पछाडि उनको विवेक केही हदसम्म आत्मसमीक्षामा लागेको देखिन्छ।

कांग्रेसले ०६३ यता विदेशी मध्यस्थतामा बीपी कोइराला, गणेशमान सिंहप्रदत राष्ट्रिय मेलमिलाप नीति त्याग्दै माओवादीको नेतृत्वको आयातीत गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताको झोला बोक्न पुग्यो । तर, कथित परिवर्तनपछिका १९ वर्षमा माओवादी शक्ति पटक-पटक चोइटियो, कांग्रेस आफू एक नम्बरको पार्टी हुँदा पनि झोला बोक्नै रमाउन थाल्यो, कहिले माओवादीको, कहिले एमालेको । उसमा प्रजातान्त्रिक संस्कारसँगै आत्मविश्वासमा कमी देखियो।

सिंगापुरबाट फर्किएपछि पनि ओलीसँग मिली संसद् पुनःस्थापनाको एजेन्डामा जाने सोचमा रहेका देउवा, पछिल्लो ओली-जेनजी भिडन्तको राजनीतिमा जान नहुने निष्कर्षमा पुगेका संकेत स्पष्ट रुपमा देखिन थालेका छन् । तर, अबको कांग्रेस राजनीतिको गन्तव्य के त स्पष्ट छैन।

पार्टीको महाधिवेशन प्रस्तावित फागुन २१ को निर्वाचनपछि होस् र उम्मेदवार छनोटको नेतृत्वदायी भूमिकामा रहने देउवाको चाहना बुझ्न सकिन्छ, तर जेनजी र उनकै पार्टीभित्रका बीपी या मेलमिलाप नीति समर्थकसँग भिड्ने सामर्थ्य उनीसँग छैन अब । राजसंस्था पुनःस्थापनामा नगए राजतन्त्रले जनमत संग्रहमा भारी जनसमर्थन पाउने दावी पार्टी केन्द्रीय समिति सदस्य शंकर भण्डारीबाट आउँदा त्यसलाई बेवास्ता गर्ने साहस अब देउवामा छैन। हिजो १२- बुँदेको मध्यस्थकर्ता विदेशी शक्ति र उसबाट पोषित र पालित माओवादी या कांग्रेसभित्रका कृष्ण सिटौला विस्तारै असान्दर्भिक या आपराधिक देखिन थालेका छन् जनताको नजरमा । जनताको नाममा जनताको अधिकार खोस्दै विदेशी आदेश मान्नु प्रजातन्त्र हैन।

फेरि पनि गिरिजाप्रसादको राजनीतिक विरासतका पहिलो दाबेदार सिटौला नै हुनेछन् । देउवा बिपीका अनुयायी बन्न सक्छन् अझै पनि यदि उनले मुलुकको स्वतन्त्र अस्तित्वका लागि एउटा प्रजातान्त्रिक नेताको रूपमा 'मेरो गर्धन राजसंस्था या राजासँग' जोडिएको छ भन्ने घोषणा गर्न सके भने । प्रचण्ड र ओलीसँग पालोपालो गर्धन जोडेर उनी आफ्नो अतीत र नेपाली कांग्रेस पार्टी स्थापनाको मौलिक मान्यतासँग टाढिएका छन् । उनीसँग अन्तिम मौका छ, ट्र्याकमा । तर साहस, चरित्र र दूरदृष्टि उनले देखाउलान् र ? स्वाभाविक प्रश्न हो।

मुलुकको परिस्थिति विकराल छ। जेनजी उमेर समूहमा एकता छैन। राजनीति, गन्तव्य निर्धारण र त्यहाँ पुग्ने मार्गचित्रबारे देखिएका केही जेनजी नेतामा सत्तालिप्सा देखिएको छ यति छिट्टै। राष्ट्रिय स्वतन्त्र पार्टी विघटनतर्फ नभए पनि निराशाका कारण नेताहरूको पलायन प्रक्रियाको शिकार भएको छ । बालेन साहको केन्द्रिकृत राजनीति प्रत्युत्पादक बनेको छ। उनी विकल्प बन्न सक्ने अवस्थामा छैनन् अब।

माओवादीका प्रचण्ड क्याबिनेटमा अब्बल र सफा छविका मन्त्री रहेका सुदन किराँतीले व्यंगात्मक गोली चलाएका छन् । नारायणहिटी संग्रहालयको निरीक्षणपछि नेपालका राजाहरूको जीवनशैली सामान्य रहेको र अन्यत्रका राजाहरूको तुलनामा उनीहरू 'कंगाल' रहेको अभिव्यक्ति दिएका छन्। प्रचण्ड तथा गणतन्त्रका राजाहरुको जीवनशैलीप्रतिको कटाक्ष पनि हो त्यो।

०४६ सालको आन्दोलनमा रानी ऐश्वर्यालाई 'पम्फा देवी' को छद्म नाम दिएर 'स्विस ब्यांक' मा पैसा थुपारेको 'प्रोपागान्डा'का रचयिताहरू अहिले स्वयं पारिवारिक संकट र भ्रष्टाचारमा फसेका छन् । उनीहरू सत्तामा रहँदा लुट र भ्रष्टाचारका पर्याय बनेका छन्।

जेनजी आन्दोलनको मागअनुरूप छानबिन भएमा षड्यन्त्रका रचयिता ती प्रोपोगान्डिस्टहरूसमेत कारबाहीबाट नबच्ने प्रमाण देखा परेका छन् । ओली कारबाहीबाट बच्न र आफूलाई बचाउन राजनीतिक रूपमा आक्रामक बनेका छन्।

सुशीला कार्की ओली र जेनजीका परस्परविरोधी कदमको चेपमा छन् । सत्तामा पुगेपछि भ्रष्टहरूलाई कारबाही नगरेकोमा जेनजीको धक्का खाने कि ओलीको 'अफेन्सिभ' समक्ष नतमस्तक हुने, कार्कीको रोजाइ कठिन छन् । दुर्गा प्रसाईंलाई मध्यरातमा गिरफ्तार गर्नुको साटो उनलाई गौरीबहादुर कार्की आयोगसमक्ष उपस्थित गराउन सरकारले प्रेरित गर्नु आवश्यक थियो।

जब मुलुक अस्तित्वको संकटमा पर्छ, राष्ट्रका सबै शक्ति एकढिक्का भएर अघि बढ्ने अपेक्षा गरिन्छ। तर, विदेशी शक्तिबाट परिचालित शक्तिमा त्यो चेत र राष्ट्रप्रतिको समर्पणभाव पूर्णतया नमरे पनि ओइलिसकेको हुन्छ।

माओवादीको यति छिट्टै पतन हुनुको कारण त्यही हो। 'नेपाली' बनेर उनीहरू शान्ति प्रक्रिया र प्रजातान्त्रिक मूलधारमा आएकै थिएनन् । विदेश शक्तिसमक्ष समर्पण र सहकार्यमार्फत् बीपीले राष्ट्रियता बोकेको भनी मानेको राजसंस्थालाई विशुद्ध 'सामन्ती शक्ति' भनी हटाउन माओवादीले अह्राएको काममा अगुवाइ लियो।

जेनजीका नाममा विगत ७० दिनमा देखिएका प्रवृत्ति पनि कम निराशावादी छैनन् । शारिरीक रूपमा यो उमेर समूह बलियो हुन्छ पक्कै पनि तर त्यो बल राष्ट्रको आशा र भरोशामाथि पीडा पुऱ्याउनका लागि प्रयोग हुनु हुँदैन । यत्तिका दिनमा सामूहिक सोंच निर्माण गरी मुलुकलाई मार्गनिर्देश गर्ने र राजनीतिक शक्तिका भ्रष्ट र आपराधिक गतिविधिविरुद्ध नैतिक दबाब बन्नुको साटो सत्ता खोज्नुले उनीहरू छिट्टै जनताको आशाबाट टाढिएका छन्।

नेपालमा अक्सर बहस चल्ने गरेको छ र अहिले पनि चलिरहेको छः के सोंच्दै छ दिल्ली, के सोंच्दै छ बेइजिङ नेपालबारे ? तर, जेनजी के सोंच्दै छ नेपालबारे ? या के सोंच्न बाध्य पार्दै छ, कमसेकम १२-बुँदेका ठूला दलहरूलाई ? आयातीत एजेन्डाबारे नेपाली जनताको धारणाबारे जेनजी किन चासो लिँदै छैन ? नेपाली बन्न नसक्नु या बन्न नचाहनु उसको पतनको कारण बन्नेछ।

'प्राप्त उपलब्धिको संरक्षण' जस्ता सुगा रटाइ केही जेनजीबाट पनि आउन थाल्नुले उनीहरूको नेतृत्व पंक्तिमा पनि बाह्य परिचालितहरू त छैनन् भन्ने प्रश्न उठेको छ। नेपालको इतिहास र संस्कृतिको अध्ययनबिना राजनीतिले समाजलाई मूल र मूल्यविहीन बनाउँछ हाम्रा नेता परिचालित र परचालित बन्नुको कारण यही हो । प्राप्त उपलब्धिमा नेपाली भूमिका कति थियो ? के थियो त्यो बुझ्ने प्रयास जेनजीले गर्नु आवश्यक छ अझै पनि।

१९ वर्षमा किन नेपाल शान्ति, स्थायित्व, सुदृढ लोकतन्त्र र आर्थिक समुन्नतिको बाटोमा अघि बढ्न सकेन ? किन भ्रष्टाचार गर्नु र उन्मुक्ति पाउनु नेताहरूको अधिकार बन्यो ? किनकि भ्रष्ट नेतृत्व विदेशी शक्तिको कठपुतली बन्ने पर्छ। उसको पहिलो बफादारी यो मुलुक र नेपालीका लागि बन्नै सक्दैन । किनकि उनीहरूले लिएका महत्वपूर्ण राजनीतिक एजेन्डा र निर्णय प्रथमतः नेपालीको थिएन।

विदेशीले नेपाली जनताको सार्वभौम अधिकारभन्दा यहाँ उसको स्वार्थ निर्णायक हुन्छ र हुनुपर्छ भन्ने बुझेका छन् । हाम्रो त्यो निर्णयमा नेपालीको संलग्नता थिएन । हरेक दलका सुदन किराँतीहरूले यति मात्र बुझिदिए ढिलै भए पनि नेपालमा वास्तविक लोकतन्त्र र जनताले सामूहिक आत्मनिर्णय लिने वातावरण निर्माण हुन्छ । परिचालित नेतृत्व पंक्तिमा रहेकाहरूको पलायन त्यही विन्दुबाट सुरु हुन्छ । त्यो आजको आवश्यकता हो । र, क्षितिजको यतापट्टि त्यो देखिँदैछ।

देश सञ्चारबाट

# नेप्से परिसूचक नौ अङ्कले बढ्यो



काठमाडौँ । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधबार नौ दशमलव ६१ अङ्कले बढेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक अघिल्लो दिनको तुलनामा शून्य दशमलव ३६ प्रतिशतले बढेर दुई हजार ६६५ दशमलव ६० अङ्कमा पुगेको हो।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ६४ अङ्कले बढेर ४५९ दशमलव १७ अङ्कमा पुगेको छ । नेप्से परिसूचकसँगै कारोबार रकम पनि बढेको छ । कूल ३२२ कम्पनीका एक करोड ३६ लाख २० हजार ८३८ कित्ता शेयर रु छ अर्ब ६९ करोड २९ लाख ७१ हजार ९५ मा खरिद बिक्री भएको छ। मङ्गलबार कूल रु पाँच अर्ब ८२ करोड ३० लाख २८ हजार ६६३ मा शेयर खरिद बिक्री भएको थियो।

नेप्सेका अनुसार कारोबार भएकामध्ये वित्त, लगानी, जीवन बिमा, सामूहिक लगानी कोष र निर्जिवन बिमा समूहका उपसूचक घटेका छन् । त्यसबाहेकका अरु उपसूचक भने बढेका छन्। जसमा सबैभन्दा बढी होटल तथा पर्यटनको उपसूचक शून्य दशमलव ९९ प्रतिशतले बढेको छ।

एनआरएन इन्फ्रास्टक्चरको शेयर रु ६२ करोड ४३ लाख ४३ हजार २१५ मूल्य बराबरको कारोबार भई शीर्ष स्थानमा रहेको छ। झापा इनर्जी लिमिटेडको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ।

साथै सागर डिस्टिलरी लिमिटेड, स्वस्तिक लघुवित्त, श्रीनगर एग्रोटेक इन्डष्ट्री लिमिटेड, रिभरफल्स पावर लिमिटेड र माहूली लघुवित्तका लगानीकर्ताले नौ प्रतिशतभन्दा बढीले कमाएका छन् । कारोबारमा बोटलर्स नेपाल (बालाजु)का लगानीकर्ताले शेयर मूल्यमा तीन दशमलव ९४ प्रतिशतले गुमाएका छन्।

# मेवाका फाइदा



मेवा तराई, भित्री मधेस र केही पहाडी क्षेत्रमा सजिलै उपलब्ध हुने फल हो। यो फल औषधिय गुणले भरिपूर्ण हुन्छ। त्यसो त, मेवाका रुखको प्रत्येक भागमा कुनै न कुनै औषधिय गुण पाइन्छ । प्राचिनकालदेखि नै मेवाको पातहरू घाउ सफा गर्न, दाद र दुखाई निको पार्न प्रयोग गरिँदै आएको पाइन्छ।

यसको जरामा पिसाब लगाउने शक्ति हुन्छ। मेवामा पर्याप्त मात्रामा क्यारोटेन नामको तत्व हुन्छ, जसले शरीरमा भिटामिन ए बनाउँछ।

यसमा पोटासियम पनि पर्याप्त मात्रामा हुन्छ । साथै भोजन पचाउन चाहिने विभिन्न तत्व हुन्छन्। काँचो मेवा खानाले कब्जियतबाट छुट्कारा दिलाउँछ।

पाकेको मेवा कलेजोको विभिन्न समस्या समाधानका लागि लाभदायक हुन्छ । झाडापखाला लागेका बेलामा पाकेको मेवाको सेवनले पखाला बिस्तारै कम हुन्छ। कब्जियतमा पाकेको मेवाको २० देखि २५ वटा बिउ १० देखि १५ दिनसम्म दिनको २ पटक खाँदा कब्जियत हट्छ। मेवाको पातलाई आगोमा तताएर दुखेको ठाउँमा राख्दा दुखाइ कम हुन्छ।

मेवा रक्तअल्पता अर्थात् शरीरमा रगतको मात्रा कम हुँदा पनि प्रयोग गर्न सकिन्छ।

रक्तअल्पता हुँदा मेवाले औषधिको काम गर्छ। काँचो मेवाको तरकारी र पाकेको मेवा दिनमा २ / ३ टुक्रा खाँदा सुत्केरीको दूध बढाउँछ । शरीरमा रगतको मात्रा वृद्धि गर्छ। यसले आँखालाई समेत फाइदा पुऱ्याउँछ। र, रतन्धो हुनबाट जोगाउँछ।

मेवामा पाइने विशेष तत्वले घाउमा भएका मृत कोषिकाहरूलाई हटाउँछ र घाउलाई निको पार्छ । यसका लागि केही दिनको समय भने लाग्छ। घाउलाई पहिले सफा गरेर मृत कोषहरू हटाउनुपर्छ । घाउमा पीप छ भने बिरामीलाई दिनको २/३ घण्टामा दायाँ बायाँ कोल्टो पारेर सुताउनुपर्छ। त्यसपछि कीटाणुरहित सफा पातलो कपडाले काँचो मेवाबाट निस्कने सेतो दूधजस्तो पदार्थमा भिजाएर घाउमा राख्नुपर्छ।

यो क्रिया दिनदिनै गर्नुपर्छ। घाउ गहिरो छ भने दिनको १ /२ चोटी दोहोऱ्याउनुपर्छ। साथै बिरामीलाई कोल्टे फर्काउनुपर्छ। पाकेको मेवाको गुदीलाई मिचेर अनुहारमा केहीबेर दल्ने र एक छिन राखेर धुने गरेमा अनुहारमा चमक ल्याउँछ।

स्वास्थ्य खबरबाट

# सन्दुक सहकारीमा रक्तदान, ४५ युनिट रगत संकलन




बुटवल। बुटवल ७ मा रहेको सन्दुक बचत तथा ऋण सहकारी संस्था लिमिटेड, आफ्नो १५औँ स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरेको छ।

'रक्तदान जीवनदान, जीवनदान महानदान' भन्ने नारासहित विशेष रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममार्फत् ४५ युनिट रगत संकलन गरिएको संस्थाका उपाध्यक्ष एवं कार्यक्रम संयोजक प्रतिभा पाण्डेले जानकारी दिइन्।

कार्यक्रममा नियमित रक्तदाता संघका केन्द्रीय अध्यक्ष दयाबहादुर शिलवालले रक्तदानलाई टोल टोलमा पुऱ्याउँदै रगत अभाव हुन नदिनेगरी काम भइरहेको बताए।

रक्तदान जस्ता मानवसेवा केन्द्रित कार्यक्रमले समाजमा सकारात्मक ऊर्जा प्रवाह हुने र भविष्यमा पनि यस किसिमका सामाजिक गतिविधि निरन्तरता दिने उनले बताए।

सहकारीका अध्यक्ष सोमबहादुर खातीले सहकारीमा ६ सय बढी सदस्यहरु रहेको बताउँदै सहकारीले सामाजिक उत्तरदायित्वका कार्यहरु गर्दै आएको बताए।

नियमित रक्तदाता संघका केन्द्रीय उपाध्यक्ष लेखनाथ भण्डारी, सहकारीका सल्लाहकारहरु मनोज गौचन, आशिक थापा, सचिव मोहनकुमार पाण्डेलगायतले बोलेका थिए।

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रक्तसञ्चार सेवा केन्द्र बुटवलको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम आयोजना गरिएको हो।

स्थानीय सामुदायिक व्यक्तिहरू, सहकारीका सदस्य तथा युवाहरूको सक्रिय सहभागितामा आयोजित रक्तदान कार्यक्रममा सहभागी हुनेहरूलाई प्रशंसापत्र प्रदान गरिएको थियो।

# शिवालय खानेपानीको साधारणसभा




देवदह। शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्था देवदह-६, को तेश्रो बार्षिक साधारण सभा सम्पन्न भएको छ। संस्थाका अध्यक्ष बुद्धिप्रसाद विश्वकर्माको अध्यक्षता र जिल्ला खानेपानी तथा सरसफाइ कार्यालय योगीकुटीका प्रमुख प्रकाश केसीको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको हो।

सो अवसरमा बोल्ने वक्ताहरुले नागरिकलाई स्वच्छ खानेपानीको व्यवस्थापनको लागि तिनै तहका सरकार लाग्नु पर्नेमा जोड दिएका थिए।

उनीहरुले खानेपानी श्रोतको संरक्षण गर्न सवै उपभोक्ताहरु लाग्नु पर्ने बताउँदै पानीको सही तरिकाले सदुपयोग गर्नुपर्ने बताएका थिए।

उनीहरुले एउटै पालिका वा वडाभित्र रहेका खानेपानी संस्थाहरुबिच एकीकरण गरेर जान आवश्यक रहेकोमा जोड दिएका थिए। कार्यक्रममा जिल्ला खानेपानी तथा सरसफाइ कार्यालय योगीकुटीका प्रमुख प्रकाश केसी, देवदह नगरपालिका-६, का वडाध्यक्ष खेमबहादुर थापा, गाउ वन समन्वय सञ्जाल रुपन्देहीका अध्यक्ष खेमनारायण अधिकारी, खानेपानी महासंघ देवदहका अध्यक्ष गुमानसिंह कुवर, शिवालय टोल विकास संस्थाका अध्यक्ष गणेश बस्याल, संगीनी महिला साकोसका अध्यक्ष सम्झना खनालगायतले आ-आफ्ना भनाइ राखेका थिए।

कार्यक्रममा संस्थाका अध्यक्ष विश्वकर्माले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै अहिलेसम्म २ सय धारा वितरण गरेको जानकारी दिए। उनले शिवालय खानेपानी सम्पन्न गर्नको लागि ४ करोड ५९ लाख ६८ हजारको लागत स्टेमेण्ट रहेकोमा अहिलेसम्म २ करोड ४२ लाख ७४ हजार खर्च गरी खानेपानीको भौतिक पूर्वाधार निर्माण भइरहेको जानकारी दिए। कार्यक्रममा लेखा संयोजक रामचन्द्र पाध्यले लेखा प्रतिवेदन प्रस्तुत गरेका थिए।

कार्यक्रममा खानेपानी संस्थालाई सहयोग गर्ने उदय आमा समूह, सृजना आमा समूह, सहारा आमा समूह र शिवालय प्रगति आमा समूह र उत्कृष्ट २ जना उपभोक्तालाई सम्मान गरिएको थियो।

शिवालय खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था देवदह-६, का उपाध्यक्ष मिलन मास्कीरानाको स्वागत र सचिव छवि थापाको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# जेष्ठ सदस्यहरूको स्वास्थ्य परीक्षण



देवदह। कोलीय देवदह बचत तथा ऋण सहकारी संस्थाले जेष्ठ सदस्यहरुको स्वाथ्य परीक्षण गरेको छ। ८० वर्षभन्दा माथिका संस्थाका ६८ जना जेष्ठ सदस्यको घरमै पुगेर स्वास्थ्य परिक्षण गरिएको व्यवस्थापक विनोद पराजुलीले जानकारी दिए।

संस्थाको २१औं स्थापना दिवसको अवसरमा जेष्ठ सदस्यहरुको स्वास्थ्य परीक्षण गरिएको व्यवस्थापक पराजुलीले बताए। जाडोयाम शुरु भएसँगै जेष्ठ सदस्यहरुको स्वास्थ्यमा समस्या आउने हुँदा स्वास्थ्य परामर्श दिने उद्देश्यका साथ अभियान संचालन गरिएको उनले जानकारी दिए। खैरेनी सेवा केन्द्रका २६ जना, शितलनगर सेवा केन्द्रको १९ जना, ढेकावर सेवा केन्द्रको ६ जना, घोडाहा सेवा केन्द्रको ३ जना, शंकरपुर सेवा केन्द्रको २ जना, तारापुञ्ज सेवा केन्द्र भलुहीको ९ जना, देउराली सेवा केन्द्र तिलोत्तमाको १ जना र युवा संगम सेवा केन्द्र सियारीको २ जना गरी ६८ जना जेष्ठ सदस्यहरुको स्वास्थ्य परिक्षण सँगै स्वास्थ्य परामर्श दिएको व्यवस्थापक पराजुलीले जनाए।

जेष्ठ सदस्यहरुको सुगर, प्रेसर परीक्षणसँगै स्वास्थ्य परामर्श दिएको उनले जानकारी दिए। जेष्ठ सदस्यहरुको स्वास्थ्य परीक्षण अभियानमा देवदह नगरपालिकाको स्वास्थ्य शाखा र देवदह मेडिकल कलेज भलुहीले प्राविधिक सहयोग गरेको सहव्यवस्थापक बुद्धिसागर अर्यालले जानकारी दिए। देवदह नगरपालिका स्वास्थ्य शाखाका रेशमबहादुर सुना, उत्तम बस्याल तथा देवदह मेडिकल कलेजका अमृत पाण्डेको टोलीले जेष्ठ सदस्यहरुको स्वास्थ्य परिक्षण गरिएको अर्यालले बताए।

## विराटनगरलाई...

त्यस्तै, चितवनका लागि कमलसिंह ऐरीले दुई विकेट झारे। सोहेल तनविर र सैफ जैबले एक-एक विकेट लिए। त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा पहिले ब्याटिङ गरेको चितवनले पाँच विकेटको क्षतिमा एक सय ७४ रनको योगफल तयार पारेको थियो। चितवनका लागि रवि बोपाराले सर्वाधिक ६५ रनको योगदान दिए। उनले ३८ बलमा तीन चौका र चार छक्का प्रहार गरे। रविले २९ बलमा तीन चौका र दुई छक्का सहयोगमा अर्धशतक पूरा गरेका थिए। रविले लगातार तेस्रो खेलमा अर्धशतक पूरा गरेका हुन्। चार रन बनाउँदा सन्दीप लामिछानेको बलमा प्रतिश जिसीले क्याच छुटाउँदा रविले जीवनदान पाएका थिए।

त्यस्तै, सैफ जैबले ३२ र देव खनालले २८ रन थपे। डेविड मलान १७ रन बनाउँदा मर्चेन्टको बलमा बोल्ड आउट हुन पुगे। दीपक बोहराले पाँच रन थपे। कुशल मल्ल २० र अमर रौटेला तीन रनमा अविजित रहे।

विराटनगरका लागि मर्चेन्ट डि लाङ्गे र सन्दीप लामिछानेले दुई-दुई विकेट लिए। शुभम रञ्जानेले एक विकेट आफ्नो नाममा गरे। एनपीएलमा बिहीबार दुई खेल हुनेछन्। बिहीबारको पहिलो खेलमा लुम्बिनी लायन्स र सुदूरपश्चिम रोयल्स भिड्नेछन्। यो खेल मध्याह्न पौने १२ बजे सुरु हुनेछ।

दोस्रो खेलमा जनकपुर बोल्ट्स र पोखरा एभेन्जर्स भिड्नेछन्। यो खेल अपराह्न ४ बजे सुरु हुनेछ।

## Road Division, Jaspur, Pyuthan

### Notice for the Intention to Accept the bid

Date of publication: 2082/08/11 (27th November 2025)

Road Division Pyuthan intends to accept the following bid as the lowest evaluated successful bidders for the Contract as mentioned below and hence publishes this notice as per Section 27(2) of Public Procurement Act 2063.

| Contract No. | Description of Work | Substantially Responsive Lowest Evaluated Bid | Quoted Amount (Inc. VAT& PS) |
|---|---|---|---|
| RDPTN/33701169/82/83-09 | Road Upgrading Works along Chautara-Damti-Bhedabari-Tikhuchuli Road | Shishir Nirman Sewa-Bikash Nirman Sewa JV Dharmawati-03 Pyuthan | NRs.2,08,46,868.74 |
| RDPTN/33701169/82/83-10 | Road Upgrading Works along Beluwa-Bijuwar-Damti-Kuitchaur-Ratatari-Chhatipata-Pidalne-Dhand (Madan Bhandari Link Road) in Pyuthan District | YC-EECC-MJB JV, Ghorahi-15 Dang (Yajib Construction Pvt Ltd,Everest Engineering Construction & Consultancy, Mahabai Jagannath Builders Pvt Ltd) | NRs.1,80,73,030.32 |

**Division Chief**

## श्री जनहित माध्यमिक विद्यालय
मैनहवा तिलोत्तमा न.पा.-१०, कान्छी बजार, रुपन्देही

### शिक्षक आवश्यकता सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०८२/०८/११

प्रस्तुत विषयमा तिलोत्तमा नगरपालिका वार्ड नं. १० कान्छी बजारमा सञ्चालित श्री जनहित मा.वि. मैनहवामा रहेको प्रा. वि. दरबन्दी शिक्षक पदका लागि थप ७ दिनको म्याद थप गरी तिलोत्तमा नगरपालिकाको मिति २०८२/०७/१६ पं.स. २०८२/०८३ प.नं. ९५५ को सिफारिस पत्र शिक्षा विकास तथा समन्वय इकाई भैरहवा रुपन्देहीको मिति २०८२/०७/१७ प.स. २०६२/०८३ च.नं. ३२५ को अनुमति पत्र अनुसार तथा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०८/१० को निर्णय अनुसार देहाय बमोजिमको शिक्षक आवश्यकता भएकोले इच्छुक नेपोली नगरिकबाट रितपूर्वक दरखास्त आह्वान गरिन्छ।

१. वि. नं. ०१/०८२/०८३ २. पद : शिक्षक
३. तह प्रा.वि. तृतीय ४. किसिमः अस्थायी करार
५. संख्याः १ जना ६. शैक्षिक योग्यता - मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यमिक तह कक्षा १२ उतिर्ण गरेको वा सो भन्दा माथि
७. दरखास्त दस्तुर - रु १५००।- (अक्षरेपि एक हजार पाँच सय रुपैयाँ मात्र)
८. तलव स्केलः-नियमानुसार ९. उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघको हुनुपर्नेछ।
१०. आवश्यक कागजात- शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि र हस्तलिखित निवेदन/अध्यापन अनुमतिपत्र
११. परीक्षाको किसिम :- लिखित र अन्तरवार्ता
१२. दरखास्त दिने अन्तिम मिति २०८२/०८/१७ विद्यालय समयसम्म
१३- सम्पर्क मिति :- २०८२/०८/१९ १४. परीक्षा मिति :- सम्पर्क मितिमा तोकिनेछ।

पुनश्चयः तोकिएको अवधिभित्र शिक्षक सेवा आयोगको करार सूचीमा सूचीकृत आवेदक निवेदन दिएमा निजलाई प्राथमिकता दिइनेछ र अन्य आवेदकको निवेदन फिर्ता गरिनेछ।

थप जानकारीका लागि विद्यालयमा सम्पर्क राख्नुहोला।

सम्पर्क नं. ९८४७०५०१७७ (प्र.अ.), ९८६०३४८७७० (सहायक प्र.अ.), ९८१९४७२४९५ (लेखापाल)

प्रधानाध्यापक

## संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सूचना !!!

**सूचना प्रकाशित मितिः २०८२/०८/११ गते**

यस वित्तीय संस्थाको देहायका संस्थापक शेयरधनीले आफ्नो स्वामित्वमा रहेको संस्थापक शेयर मध्ये तपसील अनुसारको संस्थापक शेयर बिक्रि गर्न इच्छुक भई वित्तीय संस्था समक्ष निवेदन दिनु भएको र नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बिक्री गर्न प्रस्ताव गरिएको संस्थापक शेयर खरिद गर्ने पहिलो हक विद्यमान संस्थापकहरुमा रहने भएकोले उक्त शेयर खरीद गर्न इच्छुक विद्यमान संस्थापक शेयरधनीहरुको जानकारीको लागि सो सूचना प्रकाशित गरिएको छ। यदि कुनै संस्थापक शेयरधनीलाई वित्तीय संस्थाको संस्थापक शेयर खरिद गरी लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरी वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बुटवल-१०, रुपन्देहीमा आफूले खरिद गर्ने शेयर कित्ताको मूल्य तथा संख्या खुलाई निवेदन दिनुहुन सूचित गरिन्छ। उपरोक्त म्यादभित्र कुनै निवेदन प्राप्त हुन नआएमा प्रचलित नियमानुसार हाल कायम संस्थापक शेयरधनीहरुको खरीद दावी नभएको सम्झी बिक्रीको लागि प्राप्त उक्त शेयर अन्य नयाँ व्यक्ति वा संस्थापकहरुको खोजी गरी बिक्री कार्य गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**तपसील**

| क्र.सं. | संस्थापकको नाम, थर | ठेगाना | बिक्री गर्न चाहेको कित्ता संख्या |
|---|---|---|---|
| १. | श्री बाबुराम विश्वकर्मा | रिब्दीकोट-०३, पाल्पा | १०,०००।- (दश हजार) |
| २. | श्री मान बहादुर विश्वकर्मा | बुटवल-०४, रुपन्देही | २०,०००।- (बीस हजार) |
| ३. | श्री शंकर प्रसाद पौड्याल | तानसेन-०७, पाल्पा | १५,०००।- (पन्ध्र हजार) |

**जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड**
बुटवल-१०, कालिकानगर, रुपन्देही
फोन नं.: ०७१-४३८१६९
इमेलः info@jucbank.com.np, वेवसाईटः www.jucbank.com.np

## Rainadevi Chhahara Rural Municipality
Office of the Rural Municipal Executive
Chhahara, Palpa

### Invitation for Bids

First Date of publication: 27th November 2025 AD(2082-08-11 BS)

1. Rainadevi Chhahara Rural Municipality invites electronic bids from Nepalese eligible bidders for following bids under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and bank details at the office of RainadeviChhahara Rural Municipaity, Chhahara Palpa website www.rainadevichhaharamun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
4. All other terms and conditions will be as per Nepal Government's Prevailing Procurement Act and Regulations.

| S. N | Contract ID | Work Description | Estimated Amount (including VAT and PS) | Bid Submission Date | Bid Opening Date | Bid Validity and Bid Security Validity | Bid Security Amount | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|---|---|
| 1 | RRM/PAL/W/NCB-09/2082-83 | Upgrading of Different Roads at Mujhung – Package II | Rs.25,32,310.65 | 11th Poush 2082 12:00PM | 11th Poush 2082 01:00PM | 90 & 120 days | Rs.65,000.00 | Rs.3,000.00 |

Act. Chief Administrative Officer

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



बाघ र चितुवालाई राख्नका लागि बनाइएको खोरः

बाँके राष्ट्रिय निकुञ्जको खैरी चेकपोष्टमा बाघ र चितुवालाई राख्नका लागि बनाइएको खोर। हाल उक्त खोरमा दुईवटा चितुवाका बच्चा र एउटा बाघको बच्चा राखिएको छ। तस्विरः रूपनी जीएम/ रासस

# रामपुरमा विवाहउत्सव सम्पन्न



**बासुदेव ढकाल**

*रामपुर पाल्पा*

पाल्पाको रामपुरलाई धार्मिक महिमा बढाइ प्रचारप्रसार गर्ने उद्देश्यले रामपुरमा विवाह पञ्चमीउत्सव मनाइएको छ । रामपुर नगरपालिकाको आयोजनामा पहिलो पटक रामपुर नगरपालिका ५ रामघाटबाट राचन्द्र भगवान बेहुला जन्ति र रामपुर नगरपालिका ३ सीताकुण्डमा सीता माता बेहुली बनाइ रामसीताको विवाहउत्सव मनाइएको हो ।

गण्डकी महात्म्य हिमवत खण्डमा मर्यादा पुरूषोतम राचन्द्र वनबासका क्रममा ३ महिना रामपुरमा रहँदा रामघाटमा रामले नुहाएको र सीताकुण्डमा सीतामाता गुप्तबास बसेको उल्लेख भएको धार्मिक विश्वासको आधारमा यसको धार्मिक विश्वास र महत्व बढाउन विवाह पञ्चमीउत्सव मनाउन सुरु गरेको रामपुर नगरपालिका नगरप्रमुख रमणबहादुर थापाले जानकारी दिए।

विवाह पञ्चमीको अवसरमा नगरपालिका र मातहतको कार्यालय, शैक्षिक संस्था, संघसस्था स्थानीय बिदा दिएर भव्य बरियातसहित भगवान रामचन्द्र र सीता माताको विवाह पञ्चमीको उत्सवमा जन्ती पक्ष रामघाट, रामचुला र घरभेटी पक्षले सीताकुण्डमा स्वागत गेट निर्माण, पञ्चेबाजा, सगुन भोजभतेरसहित विभिन्न जातजातिको झाँकीको प्रदर्शन गरी विभिन्न जातजातिले आ-आफ्नो भेषभुसामा नाचगान गरी विवाह उत्सव मनाएको सीताकुण्ड माइतिपक्षका सन्दिप रानाले जानकारी दिए।

भगवान रामको नामसँग जोडिएको रामपुरमा रामघाट, राम मन्दिर, रामचुला, रामकुवा, रानीवास, राङभाङ राम्चे सीताकुण्ड सीताकोटलगायतको धार्मिक महिमा बढाउन अब विवाह पञ्चमीका दिन हरेक वर्ष विवाह पञ्चमीउत्सव मनाउने रामपुर नगरपालिकाले जनाएको छ।

# अन्तरविद्यालय टी-२० क्रिकेट हुँदै



भैरहवा । १२औं संस्करणको स्वर्गीय शेरबहादुर सेञ्चुरी स्मृति अन्तरविद्यालय टी-२० क्रिकेट प्रतियोगिता यही मंसिर १२ गतेदेखि हुने भएको छ । आयोजक संस्था रुपन्देही क्रिकेट संघले बुधबार भैरहवामा पत्रकार सम्मेलन गरी प्रतियोगिताबारे जानकारी दिएको हो । पुस १ गतेसम्म चल्ने प्रतियोगिताका लागि पर्वत ज्वेलर्स भैरहवाका सञ्चालक विमल सेञ्चुरीले प्रायोजन गरेका छन् । आफ्ना स्वर्गीय हजुरबुवाको स्मृतिमा सेञ्चुरीको प्रयोजनमा विगतदेखि यो प्रतियोगिता हुँदै आएको छ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा हुने प्रतियोगितामा रुपन्देहीका ३० वटा विद्यालयको सहभागिता रहने खेल संयोजक उदयकुमार मल्लिकले जानकारी दिए । उनका अनुसार यसवर्ष विगतका वर्षहरुमा भन्दा ६ वटा विद्यालयको सहभागिता बढेको छ । प्रतियोगितामा कक्षा १० सम्मका खेलाडीहरु सहभागी हुन पाउने छन् ।

प्रतियोगिताको विजेता टिमले नगद ५० हजार र उपविजेताले २५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट बलर र बेष्ट ब्याटरले समान ५-५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले ५ सय रुपैयाँ र अनुसाशित टिमलाई पनि पुरस्कृत गरिने कार्यक्रम संयोजक मल्लिकले बताए ।

रुपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापाले विद्यालयस्तरमा हुने यस्ता प्रतियोगिताले खेलाडी उत्पादनमा टेवा पुग्ने बताए । उनले हरेक वर्ष सिजनको पहिलो प्रतियोगिता विद्यालय तहको गराउँदै आएको बताउँदै यसले रुपन्देहीमा खेल प्रतिभाहरुको उजागर भइरहेको जनाए । विद्यालयस्तरमा लुकेका प्रतिभाहरुलाई बाहिर ल्याउन यो प्रतियोगिताले महत्वपूर्ण योगदान गरेको उनको भनाइ छ।

लुम्बिनी प्रेस क्लबका उपाध्यक्ष दीपेन्द्र बडुवालले क्रिकेटर जन्मने भनेकै विद्यालय तहबाट भएकाले यस्ता प्रतियोगिताको योगदान अतुलनीय रहने जनाए । उनले रुपन्देही क्रिकेट संघले विभिन्न प्रतियोगिताहरु गरेर खेलाडीहरुलाई अवसर सिर्जना गरेको बताए। प्रतियोगिता सम्पन्न गर्न ५ लाख रुपैयाँ खर्च लाग्ने आयोजकले जनाएका छन् ।

# कुलमान र खगेन्द्र मिले

बुटवल । उर्जा मन्त्री कुलमान घिसिङको अग्रसरतामा खुलेको उज्यालो नेपाल पार्टी र अभियन्ता खगेन्द्र सुनार नेतृत्वको हाम्रो नेपाल पार्टीले साझा चिह्नमा चुनाव लड्ने भएका छन् । हाम्रो पार्टी नेपालले पनि आगामी आमनिर्वाचनमा बिजुलीको चिम चुनाव चिह्नमा उम्मेदावरी दिन निर्वाचन आयोगमा निवेदन दिएको छ।

कुलमानको उज्यालो नेपालले बिजुलीको चिम र खगेन्द्रको हाम्रो नेपालले 'लाइक' चुनाव चिह्न निर्वाचन आयोगबाट लिएका थिए। तर, निर्वाचन प्रयोजनका लागि उनीहरुले साझा चुनाव चिह्न माग गरेका हुन् । आयोगले एउटै चुनाव चिह्नमा फरक पार्टीहरुले लड्न पाउने व्यवस्था गरेको छ। त्यसका लागि बेग्लै निवेदन दिनुपर्छ।

नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी र नेपाल जनजाति पार्टीले पनि साझा चुनाव चिह्नमा चुनाव लड्न निवेदन दिएका छन्।

# विश्वकप क्रिकेटको खेल तालिका सार्वजनिक

बुटवल। सन् २०२६ मा हुने आइसिसी टी-२० विश्वकपको खेल तालिका सार्वजनिक भएको छ । अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले सहभागी २० टोलीलाई चार समूहमा विभाजन गर्दै खेल तालिका सार्वजनिक गरेको हो।

भारत र श्रीलङ्कामा हुने आइसिसी टी-२० विश्वकप आगामी फेब्रुअरी ७ देखि मार्च ८ सम्म सञ्चालन हुनेछ । सार्वजनिक तालिकाअनुसार नेपाल समूह 'सी' मा रहेको छ। नेपालका सबै खेल भारतको मुम्बईमा राखिएका छन्। नेपालको समूहमा वेस्ट इन्डिज, इङ्ल्यान्ड, बङ्गलादेश र इटाली छन् । वेस्ट इन्डिज र इङ्ल्यान्ड दुवै दुईदुई पटकका विश्वविजेतासमेत हुन् । नेपालको पहिलो खेल आगामी फेब्रुअरी ८ तारिखमा मुम्बईस्थित वान्खडे रङ्गशालामा इङ्ल्यान्डसँग हुनेछ । यस्तै नेपालको दोस्रो खेल फेब्रुअरी १२ मा इटाली, तेस्रो फेब्रुअरी १५ मा वेस्टइन्डिज र चौथो फेब्रुअरी १७ मा बङ्गलादेशसँग हुने नेपाल क्रिकेट सङ्घ (क्यान) ले जनाएको छ।

क्यानका अध्यक्ष चतुरबहादुर चन्दले केही साताअघि आइसिसी अध्यक्ष जय शाहलाई भारतको नयाँदिल्लीमा भेटेर नेपालका खेलहरू भारतमा राखिदिन आग्रहसमेत गरेका थिए । उक्त आग्रहलाई स्वीकार गर्दै नेपालका सबै खेल भारतमा राखिएको अध्यक्ष चन्दले बताए । योसँगै नेपाल तेस्रोपटक विश्वकपमा सहभागी हुँदैछ। यसअघि नेपालले सन् २०१४ र २०२४ मा विश्वकप खेलेको थियो।

## Purbakhola Rural Municipality
### Office of the Rural Municipal Executive
Purbakhola, Palpa
Lumbini Province, Nepal

## Invitation for Online Bids

**Notice**

Date of publication: 2082/08/11(27-11-2025)

Purbakhola Rural Municipality Office, Purbakhola ,Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

***Information to deposit the cost of bidding document in Bank:***
Name of the Bank: Global IME Bank Ltd., Purbakhola Palpa
Account No.:14604010000009
Account name: GA.1.1 AANTARIK RAJASWO KHATA PURBAKHOLA
Name of the Office: Purbakhola Rural Municipality Office, Purbakhola ,Palpa
Bid Validity Period:75 days./120 Days
(bidder's should submit Bid security through bank guarantee only)

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| EGP/NCB/WORKS/ PRM/09-2082-83 | Khalluk Bhanjanag Birta Bazar Gaupalika kendra Jodne Sadak Staraunnati yojana | 11455191.51 | 3000 | 340,000 | 2082/09/13 12.00 Pm 1:00 Pm |
| EGP/NCB/SQ/ PRM/10-2082-83 | Manakamana Pra.vi. Purbadhar Nirman Yojana | 840920.18 | 1000 | 25000 | 2082/08/26 12.00 Pm 1:00 Pm |
| RE/IRR/PRM/SQ/ 2082/83-11 | Collection and Excavation of Sand, Stone and gravel of Purbakhola Khola at Purbakhola- 1 Siluwa Palpa and Purbakhola- 3 Rigneraha Palpa | 1175354.40 | 1000 | 5% of Bid Amount | 2082/08/25 4.00 Pm 2082/08/26 12:00 Pm |
| RE/IRR/PRM/SQ/ 2082/83-12 | Collection and Excavation of Sand, Stone and gravel of Rakun Khola of Purbakhola- 2 Jalpa Palpa | 335236.80 | 1000 | 5% of Bid Amount | 2082/08/25 4.00 Pm 2082/08/26 12:00 Pm |
| RE/IRR/PRM/SQ/ 2082/83-13 | Collection and Excavation of Sand, Stone and gravel of Reche Khola of Purbakhola- 1 Siluwa Palpa | 156816.72 | 1000 | 5% of Bid Amount | 2082/08/25 4.00 Pm 2082/08/26 12:00 Pm |

Chief Administrative Officer
Purbakhola Rural Municipality Office

सार्वजनिक सेवालाई भ्रष्टाचारमुक्त बनाऔं ।

- आफ्नो काम कानूनी प्रक्रिया र नियमअनुसार गरौं,
- उपहार दिने र लिने नगरौं,
- सेवाग्राहीलाई अनावश्यक दुःख दिने कार्य नगरौं,
- सेवा दिन कुनै ढिलासुस्ती नगरौं,
- घुस लिने र दिने दुवै अपराधी हुन्,
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं, भ्रष्टाचारीलाई कारवाही गरौं,
- भ्रष्टाचार र अनियमितता विरुद्ध आवाज उठाऔं,
- अनियमितता भएको देखेमा तुरुन्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको
- टोल-फ्री नम्बर १०७ वा सम्बन्धित निकायमा सम्पर्क गरौं ।
- भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाऔं, सार्वजनिक सेवालाई पारदर्शी र जवाफदेही बनाऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२१३ मो.९८५७०३५३८०,९८४७१२३१५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि
तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com